का.जि.प्र.का.द.नं. १००/०५९/६०

□ वर्ष १९, अंक २२३
□ ११ असोज २०७८, सोमबार
□ 27 September 2021, Monday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।



जगदुल्ला गाउँपालिका-४ डोल्पामा चौंरी । यस फर्ममा करिब ४३० चौंरी छन् । प्रदेश सरकार र गाउँपालिकाको आर्थिक सहयोगमा फार्म सञ्चालन आएको हो । तस्वीरः हेमन्त केसी, रासस

चाडपर्वको नाममा फजुल खर्च नगरौं, चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# संस्थापनको दवदवा

प्रमुख राजनीतिक दलहरू महाधिवेशन/राष्ट्रिय सम्मेलनमा केन्द्रीत छन् । नेपाली काँग्रेस र नेकपा एमालेले मंसिरमा महाधिवेशन हुँदैछ भने पुसमा माओवादी केन्द्रको राष्ट्रिय सम्मेलन हुँदैछ ।




आइतबार ललितपुरको च्यासलमा बसेको एमाले केन्द्रीय कमिटी बैठकमा नेताहरु । तस्वीरः रासस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० असोज ।

प्रमुख विपक्षी दल नेकपा एमालेको आइतबार केन्द्रीय कमिटी बैठक सकिएको छ । बैठकले १५-१७ असोजमा हुने विधान महाधिवेशनमा पेश गरिने राजनीतिक, संगठनात्मक र विधान संशोधन प्रतिवेदन मस्यौदा पारित गरेको छ । केन्द्रीय सदस्यहरुले प्रतिवेदन मस्यौदा माथि राखेको सुझाव समेटेर प्रतिवेदन तयार पारिने अध्यक्ष केपी शर्मा ओलीको प्रतिबद्धता पछि बैठक सकिएको छ ।

शुक्रबार देखि शुरु भएको केन्द्रीय कमिटी बैठकमा अध्यक्ष केपी शर्मा ओलीले पेश गरेको राजनीतिक, महासचिव ईश्वर पोखरेलले तयार पारेको संगठनात्मक र उपमहासचिव विष्णुप्रसाद पौडेलले तयार पारेको विधान संशोधन प्रस्ताव मस्यौदामाथि समूहगत छलफल भएको थियो । शुक्रबार उद्घाटन भएर केन्द्रीय सदस्यहरुलाई १० समूहमा विभाजित गरिएको थियो । शनिबार समूहगत छलफल भएपछि आइतर अध्यक्ष ओली, महासचिव पोखरेल र उपमहासचिव पौडेलले केन्द्रीय सदस्यहरुले उठाएको जिज्ञासाको जवाफ दिएका थिए ।

यसअघि ३-४ असोजमा स्थायी कमिटी बैठकमा यी प्रतिवेदन मस्यौदा माथि छलफल भएको थियो । स्थायी कमिटी सदस्य र केन्द्रीय नेताहरुलाई दिएको सुझाव समेटेर एमालेले प्रतिवदेनलाई अन्तिम रुप दिदैछ । आगामी मंसिर १०-१२ मा दशौं राष्ट्रिय महाधिवेशन गर्दैछ । त्यसअघि स्थानीय तह र जिल्ला अधिवेशन गर्दैछ । महाधिवेशन नजिकिएसँगै एमालेभित्र नेतृत्वको बहस पनि शुरु भएको छ । नवौं महाधिवेशनमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई पराजित गर्दै ओली अध्यक्ष निर्वाचित भएका थिए । अहिले माधव नेपाल एमालेबाट अलग भएर अर्को दल बनाइसकेका छन् ।

एमाले विभाजन भएकाले फेरि पनि ओलीले नेतृत्व दोहोऱ्याउने संकेत दिएका छन् । ७० वर्ष पार नगरेको भनेर विधान संशोधनमा उमेर हदबारे बाँकी पृष्ठ २ मा

# अर्थमन्त्रीसँग प्रधानमन्त्री असन्तुष्ट !

**विभा शर्मा/मध्यान्ह**
काठमाण्डौ, १० असोज ।

फलामे छडको क्षेत्रमा काम गर्ने उद्यमी व्यवसायीको स्वार्थ बाँझिएपछि शुरु भएको विवादले अन्ततः सरकार नै अफ्ठारोमा परेको छ । नेपालमै फलामे डण्डीको उत्पादन गर्न भन्दै अर्थमन्त्री जनार्दन शर्माले संशोधित बजेटमा फलामे डण्डी निर्माणमा कच्चा पदार्थको रुपमा प्रयोग हुने स्पन्ज आइरन आयातमा भन्सार र अन्तःशुल्क पुरै हटाइदिएका छन् भने रोलिङ मिलले प्रयोग गर्ने एमएस विलेटको अन्तःशुल्क प्रतिटन १६५० रुपैयाँबाट बढाएर २५ सय रुपैयाँ बनाएका छन् ।

बजेटको यो व्यवस्थासँगै उद्योगी व्यवसायीहरु दुई समूहमा बाडिएका छन् । एउटा समूह बजेटको अक्षरशः पालना हुनु पर्ने अडानमा छ भने अर्को समूहमा रहेका रोलिङ मिल एसोसिएसनका पदाधिकारीहरु विरोधमा छन् । उनीहरुले उक्त व्यवस्था नसच्चिए देशका २४ वटा फलाम उद्योग बन्द हुने र हजारौंको रोजगारी गुम्ने चेतावनी दिएका छन् । उनीहरुका अनुसार, छड उद्योगहरुमा करीब १ खर्ब रुपैयाँ लगानी छ ।

एसोसिएसनका पदाधिकारीहरुले केही दिनअघि प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई अलग-अलग भेटेर बजेटको प्रावधान सच्चाइदिन अनुरोध गरेका थिए । उनीहरुले देउवा र प्रचण्डलाई आफ्नो समस्या सम्बोधन नगरिए उद्योगको तालाचाबी बुझाउने चेतावनी पनि दिएका थिए ।

उद्योगीहरुसँगको भेटमा प्रधानमन्त्री देउवा र प्रचण्ड दुवैले बजेटमा गरिएको व्यवस्थाका कारण यति ठूलो संख्यामा उद्योग संकटमा पर्नेबारे आफूहरुलाई थाहा नभएको बताएका थिए । उद्योगीहरुलाई देउवा र प्रचण्ड दुवैले आफूहरुले समस्या बल्ल बुझेकोले समाधान गर्न गम्भीर रहेको आश्वासन दिएका थिए ।

उद्योगीहरुसँग भेटेपछि प्रधानमन्त्री देउवाले अर्थमन्त्री शर्मासँग त्यसबारे कुरा गरेको, तर शर्माले भने देउवाको कुरा नमानेको बालुवाटार स्रोतले जानकारी दिएको छ । स्रोतका अनुसार, देउवाले 'उद्योगीहरू साह्रै पीडामा रहेछन् । बजेटको बुँदा सच्याइदिनु पऱ्यो' भन्दै शर्मालाई अनुरोध गरेका थिए । तर, शर्माले भने, 'उद्योगीहरुको कुरा मात्र होइन, नियत पनि आफूले बुझेको' भन्दै कुनै पनि हालतमा बजेटको उक्त बुँदा संशोधन गर्न नसक्ने बताउँदै आएका छन् ।

केहीदिन अघि आफूलाई दवाव दिन गएका रोलिङ मिल एशोसियसनका अधिकारीहरुसँग पनि यस विषयमा आफूले छलफल गर्न नचाहेको बताएका थिए । नेपालमा औद्योगीकरणको विकास गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न बजेटमा आफूले फलामे छड सम्बन्धी नीतिगत बाँकी पृष्ठ २ मा

## कुल आचार्यद्वारा एनआरएनए अध्यक्षमा उम्मेद्वारी घोषणा

# वैदेशिक रोजगार क्षेत्रमा सुधारको पहल गर्ने आचार्यको प्रतिबद्धता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० असोज

गैरआवासीय नेपाली संघ (एनआरएनए)को अध्यक्ष पदका उम्मेदवार कुल आचार्यले वैदेशिक रोजगार क्षेत्रमा पनि सुधारको प्रतिबद्वता व्यक्त गरेका छन् । आइतबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा उनले सन् २०२१ देखि २०२३ सम्मको नेतृत्वका लागि अध्यक्ष पदमा उम्मेदवारीसहित प्रतिबद्धता सार्वजनिक गरे ।

अघिल्लो निर्वाचनमा पनि अध्यक्षका प्रत्यासी रहेका उनी अध्यक्ष कुमार पन्तसँग झिनो मतले पराजित भएका थिए । संघको १०औं विश्व सम्मेलन आगामी अक्टोबरको २३ देखि २५ सम्म काठमाडौंमा हुँदैछ । निर्वाचन समितिले अनलाइन माध्यमबाट विश्वभरबाट एकसाथ मतदान गराउने तयारी गरेको छ ।

अध्यक्षका प्रत्यासी आचार्यले संघलाई सही अर्थमा आम प्रवासी नेपालीको साझा मञ्च बनाउने



उद्घोष गर्दै नागरिकता र सम्पत्तिको अधिकार स्थापित गर्ने प्रतिबद्धता जनाए । संस्थाभित्र पद्धति र पारदर्शितालाई जोड दिने बताउँदै उनले भने, 'संस्थाभित्र व्यक्तिगत स्वार्थ हाबी भएकाले संस्थाको साख गिरेको अवस्था छ, अनियमितता र दुरुपयोगको गुनासो बढ्दै गएको छ, व्यवस्थित र पारदर्शिता कायम गर्नु मेरो मुख्य लक्ष्य रहेको छ ।'

आचार्यले आफ्नो दुई वर्षे कार्यकालमा संघको पञ्जीकृत सदस्यको संख्या पाँच लाख पुऱ्याउने र राष्ट्रिय समन्वय परिषद्को संख्या कम्तीमा एक सय पुऱ्याउने घोषणा गरे ।

पर्वतको धाइरिङमा जन्मेका आचार्य हाल बेलायतमा बसोबास गर्दै आएका छन् । उनी लण्डनका स्थापित व्यवसायी मानिन्छन् । होलीकाउ ग्रुपअन्तर्गत व्यवसायमा होमिएका आचार्यले बैंकिङ, जलविद्युत्, पूर्वाधार, पर्यटनलगायत क्षेत्रमा लगानी गरेका छन् । बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### क्यानडा रोजगारीको नाममा ठग्न खोज्ने दुई पक्राउ

**काठमाडौं/मस-** प्रहरीले क्यानाडामा फुड प्याकेजिङमा रोजगारीमा लगाइदिने प्रलोभन दिई ठगी गरेको अभियोगमा दुई जनालाई पक्राउ गरेको छ । मोरङ पथरी शनिश्चरेका नगेन्द्र विश्वकर्मा र मोरङ सुनबर्षी नगरपालिकाका प्रवेज आलमलाई प्रहरीले पक्राउ गरेको हो ।

उनीहरूले झापाको कमल गाउँपालिकाका आशिष काफ्लेले चलाउँदै आएको ९८५१०२२६३५ नम्बरबाट ह्वाट्सएप र फेसबुक पेजमा क्यानडाको ईडन सोलुसन कम्पनीमा फुड प्याकिङको रोजगारी भन्दै अवैधानिकरूपमा विज्ञापन गरी ठग्ने प्रपञ्च गरेको प्रहरीले बताएको छ । मासिक तलब दुई लाख पच्चीस हजार हुने भन्दै त्यसका लागि ४ लाख खर्च लाग्छ भनी उनीहरूले आईएमई र सिटि एक्सप्रेसबाट तीन लाख रूपैयाँ माग गरेको उजुरी परेपछि अनुसन्धान शुरू गरेको नेपाल प्रहरीको अपराध महाशाखाले जनाएको छ ।

# दुई महिनामा पौने ३ खर्ब व्यापार घाटा

**मध्यान्ह संवाददाता**
साउन ९, काठमाडौं ।

चालु आर्थिक वर्षको पहिलो दुई महिनामै व्यापार घाटा २ खर्ब ७० अर्ब ४७ करोड पुगेको छ । भन्सार विभागका अनुसार, चालू आर्थिक वर्षको पहिलो २ महिना (साउन र भदौ) मा ३ खर्ब १४ अर्ब ५१ करोड ७१ लाख रुपैयाँ बराबरको विदेशी वस्तुको आयात भएको छ । यो अवधिमा केवल महिनामा केवल ४४ अर्ब ३ करोड ९५ लाख ९१ हजार रुपैयाँको स्वदेशी वस्तुको निर्यात भएको छ ।

गत आव २०७७/७८ को सोही अवधिमा १ खर्ब ७८ अर्ब ८४ करोड ६२ हजार रुपैयाँ बराबरको आयात भएको थियो भने २० अर्ब ४४ करोड रुपैयाँ बराबरको निर्यात भएको थियो । बाँकी पृष्ठ २ मा

**नेपाल बैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघको आश्विन २० गते हुन लागेको निर्वाचन सम्बन्धी जरूरी सूचना**

**सूचना प्रकाशित मितिः २०७८/०६/११**

यस महासंघको आठौं महाधिवेशन सम्पन्न गर्न मिति २०७८ आश्विन ०५ गतेको सूचनालाई आधार मानेर इच्छुक साधारण सदस्य महानुभावले तपसिलको मितिमा महासंघको कार्यालयमा आई निम्न कार्य गर्न गराउन अनुरोध छ ।

**तपशिल**
आश्विन १५ गते नामावली प्रकाशन गर्ने (१०:०० बजे)
आश्विन १७ गते उमेदवारी दता (बिहान १०:०० देखि ०५:०० सम्म)
आश्विन १८ गते उम्मेद्वारी फिर्ता दावि विरोध तथा छानविन गर्ने (०५:०० सम्म)
आश्विन १९ गते छलफल तथा आगामी उम्मेदवारको अन्तिम नामावली प्रकाशन (०५:००)

**निर्वाचन कमीटी**
(**आठौं महाधिवेशन** (FEONA)

**नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ**
**तिनकुने, काठमाडौं । फोन नं.:०१-४१११६४६**

# कन्चनपुरमा कांग्रेस अधिवेशन : लेखक र बिष्टको दबदवा, साउदलाई चुनौती





**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, १० असोज

नेपाली कांग्रेसका तीन नेताले आ-आफ्नो क्षेत्रमा पालिका अधिवेशनमा वर्चश्व बनाएका छन् । कांग्रेसका पूर्व मन्त्रीद्वय रमेश लेखक, एनपी साउँद र अर्का नेता दिवान सिंह विष्ट समूहका उम्मेद्वार स्थानीय तहमा निर्वाचित भएका छन्। जिल्लामा अलग-अलग गुट चलाएका तीनजना नेता केन्द्रमा भने एउटै देउवा गुटका हुन् । २०७० को आम निर्वाचनमा कन्चनपुरबाट विजयी भएका तीनै जना नेता २०७४ को आम निर्वाचनमा पराजित भएका थिए ।

कञ्चनपुर क्षेत्र नं. ३ का दुई स्थानीय तहमा पूर्व मन्त्री लेखक समूहको नेतृत्व आएको छ । भीमदत्त नगरपालिका लेखक समूहका अच्युतराज कलौनी प्यालनसहित निर्वाचित भएका छन् । उनी विरुद्ध साउद समूह र पौडेल समूहले आशिष खत्री नेतृत्वको प्यानल चुनाव लडेको थियो ।

दोधारा चाँदनी नगरपालिकामा राजेन्द्र मल्ल सभापति सर्वसम्मत निर्वाचित भएका छन् । उनी निर्वाचनको पूर्वसन्ध्यामा साउद समूह छाडेर लेखक समूहमा प्रवेश गरेका थिए । नगर समितिमा दुवै समूहबाट निर्वाचित भएका छन् ।

यसअघि पूर्व मन्त्री साउदको प्रभाव रहेको मानिने क्षेत्र नं. २ को बेदकोट नगरपालिकाको सभापतिमा साउँद समूहका निवर्तमान सभापति पुष्पराज भट्टलाई पराजित गर्दै लेखक समूहका तुलाराम शाहु निर्वाचित भएका छन् । उनको विजयीसँगै लेखकले १३ औं महाधिवेशनमा व्यहोरेको चोटको बदला लिएको चर्चा कन्चनपुरका कांग्रेसीहरुमा चलिरहेको छ । त्यतिबेला साउद समूहले लेखक समूहका जिल्ला सभापति हरि प्रसाद बोहरालाई वडामै पराजित गरिदिएको थियो ।

बेदकोट कांग्रेस बोहराको साथै पूर्व मन्त्री लेखक, र पूर्व साँसद बलदेब बोहराको गृह नगर हो । शुक्लाफाँटा नगरपालिका र कृष्णपुर नगरपालिकामा साउद समूहका उम्मेदवार निर्विरोध भएका छन् ।

शुक्लाफाँटा नगरपालिकामा दान बहादुर ऐर र कृष्णपुरमा विष्णु खड्का नगर सभापति भएका छन् । दुबै जना साउद समूहका हुन् ।

बेदकोट नगरपालिका वडा नं. ८ बाहेक शुक्लाफाँटा र कृष्णपुर नगरपालिका निर्वाचन क्षेत्र नं. २ मा पर्छन् । विष्टको गृह नगर बेलौरीसहित पुनर्वास नगरपालिका, बेलडाँडी र लालझाडी गाउँपालिकामा सबै उनका उम्मेदवार निर्वाचित भएका छन् ।

बेलौरी नगरपालिकाकोसभापतिमा टेपुलाल चौधरी निर्वाचित भएका छन् ।

चौधरीले ९० र चन्दले ८० मत पाएका छन् । बेलौरीमा विष्टलाई एनपी साउद समूहले साथ दिएको थियो । विष्टलाई साउँद समुहका अर्का नेता हरेन्द्रराज विष्टले साथ दिएका थिए । बेलौरीको उपसभापतिमा दिपक विष्ट, द्रोण चन्द, सचिव कन्यैया राना, भुपेन्द्र शाही, सहसचिव नरेन्द्र विष्ट, राजेन्द्र सिह राई निर्वाचित भएका छन् ।

पुनर्वास नगरपालिका विष्ट समूहका शुक बहादुर तामाङ निर्वाचित भएका छन् । उनले प्रतिस्पर्धी दिल बहादुर बोहरालाई १० मतले हराएका छन् । तामाङले ८३, बोहराले ७३ मत ल्याएका छन् ।

पुनर्वासमा विष्ट र साउँद समूहले आ-आफ्ना उम्मेदवार लडाएका थिए । विष्टले तामाङ र साउदले बोहरालाई सहयोग गरेको थियो । पुनर्वासमा कांग्रेस नेता साउदको बलियो प्रभाव थियो । नगर अधिवेशनमा सभापति हारेपछि साउदको प्रभाव घटेको अनुमान गर्न थालिएको छ ।

नगर समितिको उपसभापति खगेन्द्र ओझा, नरेन्द्र श्रेष्ठ, सचिव परि रावल, चन्द्रमणी गैरे, सह सचिव लौटन राना, राक कुमार राना निर्वाचित भएका छन् ।

लालझाडी गाँउपालिकामा विष्ट समूहका श्रीकृष्ण राना निर्वाचित भएका छन् । साउद समूहका राजेश रानालाई दोब्बर मत अन्तर पराजित गरी उनी सभापति भएका छन् । निर्वाचित रानाले र राजेशले मत ल्याएका छन् ।

गाउँ समितिको उप सभापतिमा बीर बहादुर विष्ट, लक्ष्मण राना, सचिवमा रामेश विष्ट, मेघ राना, सह सचिवमा शिवनारायाण चौधरी र रामबहादुर चौधरी निर्वाचित भएका छन । नेताहरुका अनुसार साउँद समूहका नेताहरु शेर बहादुर देउवाको मान्छे भन्दै सहमति नगर्ने अडान लिएपछि चुनाव गरिएको हो । चुनावबाट सभापतिमा विष्टका समूहका राना निर्वाचित भएका छन् ।

बेलडाँडी गाउँपालिकामा विष्ट र साउद समूहका गजबहादुर विष्ट निर्वाचत भएका छन् । उनले विष्ट ४५ मत ल्याएर विजयी भएका छन् । उनका प्रतिद्वन्द्वि पृत बहादुर विष्टले ३७ मत ल्याएका छन् । निर्वाचित विष्ट प्रतिद्वन्द्वी विष्टका नाति हुन् । पृतबहादुरलाई पूर्व मन्त्री रमेश लेखकको साथ थियो ।

पृतबहादुर विष्ट थोरै मत अन्तरले हारेपछि बेलडाँडीमा पूर्व मन्त्री लेखकको प्रभाव बढेको आँकलन गर्न थालिएको छ । बेलडाँडी गाउँ समितिको उपसभापतिमा टिका सिह खड्का र ठगन राना निर्वाचित भएका छन् । यसैगरी उपसभापतिमा डम्मर राना र पूर्णानन्द भट्ट, सचिव धनबहादुर रोकाया, सह सचिव देशुराम चौधरी र नरेश सिंह धामी निर्वाचित भएका छन् ।

## संस्थापनको...

परिभाषा गर्नु र मंसिरमै महाधिवेशन गर्ने गृहकार्यले ओली फेरि दोहोरिन चाहेको प्रष्ट हुन्छ । किनकि आगामी फागुन पछि ओली ७० वर्ष पार हुनेछन् । यदि ओली फेरि अध्यक्ष हुन चाहेमा नेतृत्वमा अर्को नेता आउने संभावना कमजोर रहने नेताहरु बताउँछन् । भर्खरै अलग दल बनाएकाले माधव नेपाल निर्विरोध छन् । सत्तारुढ दल नेपाली काँग्रेसमा पनि त्यस्तै नियति देखिन्छ । सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले फेरि दोहोरिन चाहेकाले उनी विरुद्ध अन्य नेताहरुको दावेदारी कमजोर रहेको विश्लेषण गरिन्छ । तर निर्वाचनको मैदानमा निर्णय फरक आउन सक्छ । अहिले आफै सभापति र प्रधानमन्त्री भएर महाधिवेशन गराउन लागेकाले देउवाको दावेदारी बलियो रहेको बुझाइ नेताहरुमा छ । संस्थापन इतरका नेताहरुले साझा उम्मेद्वार तय गर्ने बरिष्ठ नेता रामचन्द्र पौडेलको अभिव्यक्तिले पनि त्यो प्रमाणित हुन्छ । अर्का सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र) मा नेतृत्व परिवर्तनको चर्चा समेत छैन ।

## अर्थमन्त्रीसँग...

व्यवस्था गरेको बताउदै उनले भनेका थिए, "मैले केही गल्ती गरेको छैन, बरु पदबाट हट्न तयार छु तर, नेपालको औद्योगिकरणको विकास गर्ने यो नीतिगत व्यवस्थाबाट पछि हट्दिनँ ।" स्रोतका अनुसार, अर्थमन्त्रीले लिएको यो निर्णयका कारण प्रधानमन्त्री देउवा असन्तुष्ट बनेका छन् ।

## कुल...

करिब दुई दशकदेखि संघमा आवद्ध आचार्यले आफ्ना कार्ययोजना सार्वजनिक गर्दै संगठनको सुदृढीकरण र संस्थागत पारदर्शिताको मुद्दालाई आफुले प्राथमिकतमा राखेको बताए ।

वैदेशिक रोजगारीलाई थप व्यवस्थित र मर्यादित बनाउने भन्दै आचार्यले मध्यपूर्व, मलेसियालगायतका मुलुकमा काम गर्ने नेपालीको सुरक्षामा विशेष ध्यान दिने बताए । महिला कामदारको सुरक्षा र सीप विकासमा ध्यान दिने उनको भनाइ थियो । नेपालमा वैदेशिक लगानी भित्र्याउन पहल गर्ने, स्वदेशमा लगानीको वातावरण सिर्जना गर्न पहल गर्ने उनको प्रतिबद्धता छ । यस्तै पैत्रिक सम्पत्तिको अधिकार, राहदानी तथा तेस्रो पुस्तापछि पनि कायम रहने गरी गैरआवासीय नेपाली नागरिकतालाई कार्यान्वयन गर्ने, कोभिड महामारीले रोजगारी गुमाएकालाई रोजगारी सिर्जना गर्न पहल गर्ने, खाडी क्षेत्रमा रहेका नेपालीको सानो सानो पूँजीलाई एकीकृत गर्दै मुनाफामूलक क्षेत्रमा सामूहिक लगानीको अवधारणलाई अगाडि बढाइने योजना रहेको उनले बताए । आचार्य प्यानलबाट संघको महासचिवमा अमेरिका निवासी चिकित्सक डा केशव पौडेलले उम्मेद्वारी घोषणा गरे । उनले संघलाई पारदर्शी र परियोजनामुखी बनाइने बताए । पत्रकार सम्मेलनमा संघका संस्थापक महासचिव भीम उदासलगायत संघका विभिन्न पदाधिकारी तथा सदस्यको उपस्थिति थियो ।

## दुई

११८ देशबाट आयात

दुई महिनाको अवधिमा भारत, चीन, बांगलादेश, जापान, अमेरिका, बेलायत, फ्रान्स, अर्जेटिना लगायत ११८ वटा देशबाट खाद्यवस्तुदेखि विलासिताका सामग्री आयात भएका छन् । दुई महिनाको अवधिमा सबैभन्दा धेरै व्यापार घाटा भारतसँग बढेको छ । भारतबाट १ खर्ब ८७ अर्ब ७१ करोड ८० लाख ४५ हजार रुपैयाँ बराबरको सामान आयात भएको छ जबकी केवल ३६ अर्ब १७ करोड ४३ लाख रुपैयाँको मात्र निर्यात भएको छ ।

यो अवधिमा चीनबाट ४२ अर्ब ८४ करोड ७५ लाख रुपैयाँ बराबरको आयात भएको छ भने केवल १५ करोड ८० लाख रुपैयाँ बराबरको निर्यात भएको छ ।

### बझाङ डायरी

**तरुणा जोशी/मध्यान्ह**

## अटो अनियन्त्रित भएर पल्टिदा २ जना घाइते

बझाङमा अटो रिक्सा पल्टिँदा २ जना घाइते भएका छन् । ज.न.पा. १० मालिका काउन्टर नजिक आइतबार बिहान लु २ च १२३९ नम्बरको अटो अनियन्त्रित भएर पल्टिँदा २ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय बझाङले जनाएको छ । चैनपुरबाट बसपार्क जानेक्रममा अटो अनियन्त्रित भएर नालीमा खसेको थियो । घाइते हुनेमा अटो चालक सुर्मा गा.पा.२ बस्ने वर्ष ६० का मिठ्ठु बोहरा र सोही ठाउँका अटोमा सवार वर्ष ५० का पदम बोहरा रहेका छन् ।

घाइते मिठ्ठु बोहराको अनुहार र टाउकोमा चोट लागेको छ भने पदम बोहराको टाउको र हातमा चोट लागेको प्रहरीले जानकारी दिएको छ । गम्भिर घाइते भएका दुबै जनाको जिल्ला अस्पताल सिमखेतमा उपचार भइरहेको छ ।

## खप्तड छान्ना गाउँपालिकामा एक किशोरी झुण्डिएको अवस्थामा फेला

बझाङको खप्तड छान्ना गाँउपालिकामा एक जना किशोरी झुण्डिएको अवस्थामा फेला परेकी छन् । खप्तड छान्ना गाउँपालिका वडा नम्बर ४ डिम्मर तोलाकी किशारी झण्डिएको अवस्थामा फेला परेकी हुन् ।

टाटेगडा भन्ने स्थानमा धान काट्न खेत जान्छु भनी गएकी १९ वर्षीया सृष्टी थापा आफ्नै खेतको डिलमा रहेको भिमलको रुखमा झुण्डिएको अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । बाख्रा चराउन गएका एक व्यक्तिले रुखमा झुण्डिएको अवस्थामा फेला पारेपछि छान्ना प्रहरी चौकीमा जानकारी गराएको प्रहरी चौकी छान्नाका असई मोनी नाथले मध्यान्हलाई बताए । शवलाई पोष्टमाटमका लागि जिल्ला अस्पताल सीमखेत ल्याइएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ । थापा महालिङ्ग माध्यामिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत थिइन् ।

## सुत्केरीको मृत्यु घटनामा अस्पतालले दियो प्रष्टिकरण

**धनगढी/मस**–कैलालीको धनगढीस्थित नवजीवन अस्पतालले सक्दो प्रयास गर्दा पनि सुत्केरी महिलालाई बचाउन नसकिएको जनाएको छ । चिकित्सहरुले हरसम्भव प्रयास गरेर उपचार गर्दा पनि महिलालाई बचाउन असफल भएको अस्पतालले एक विज्ञप्तिमार्फत प्रष्ट पारेको हो ।

आइतबार बिहान डोटी शिखर–६ की २६ वर्षीया सुत्केरी कल्पना सिंह ठकुरीको उच्च रक्तस्राव भएपछि मृत्यु भएको थियो । मृत्युपछि नवजीवन अस्पतालमा तनाव भएको थियो। तनाव भएपछि अस्पतालले एक विज्ञप्ति जारी गर्दै उनलाई शनिबार बिहान १० बजे पेट दुखेर अस्पताल भर्नाको भएको ३९ हप्ताकी गर्भवती मल्लको पाठेघरको मुख नरम मात्रै भएर एक घर खुलेको र औषधीले अर्को घर खुलाइएको उल्लेख गरेको छ । बच्चाको धड्कन कम हुँदैं गएको र आमामा बच्चा जन्माउने बल नपुगेपछि भ्याकुम प्रयोग गरेर ११:४४ मा डेलिभरी गराइएको अस्पतालले जनाएको छ । त्यसक्रममा पाठेघरको मुख फराकिलो बनाउन इपिसियोटोमी एक्सटेन्डेड टियर दिइएको बताईएको छ । इपिसियोटोमी एक्सटेन्डेड टियरलाई सिलाउनका प्रयास गर्दा उनले असहज महसुस गरेपछि एनेस्थेसियालाई बोलाएर टाका सिलाउने काम गरिएको र त्यसक्रममा अत्याधिक रक्तस्राव भएको थियो ।


## साउदीमा रोजगार

१. कम्पनी: Asmaa Shliweh bin Hamdan Al-Harbi Restaurant for Serving Meals — शहर : ABHA
पुर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३८५८ L.T. No.: 246227

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: JAWHARAT SAFWA RESTAURANTS TO SERVE MEALS — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०६/१० चलानी नं.: ६०१६३८५१ L.T. No.: 245727

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Baker Tandoor | 1 | 0 | | 1500 | ४७,०४० | | | | | | | |
| 3. | Fruit Juice maker | 1 | 0 | | 1300 | ४०,७६८ | | | | | | | |

३. कम्पनी: MANAKIB TRANSPORT CORPORATION — शहर :JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३८५३ L.T. No.: 246016

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tiled Marble Mechanic | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ६८,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tiled Marble Worker | 1 | 0 | | 1200 | ३७,६३२ | | | | | | | |

४. कम्पनी: SALT AND SUGAR RESTAURANT TO SERVE MEALS — शहर :JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/०६/१० चलानी नं.: ६०१६३८५२ L.T. No.: 245571

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: RAMZ AL SHARQ GENERAL CONTRACTING EST — शहर : TABUK
पुर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३८५४ L.T. No.: 246017

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: EL MAZAJ EL MAGRABEY FOUNDATION TO SERVE DRINKS — शहर : TABUK
पुर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३८५५ L.T. No.: 246018

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker, tea etc | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ordinary Worker | 2 | 0 | | 1200 | ३७,६३२ | | | | | | | |

७. कम्पनी: FATIMA MUHAMMED ABDULLAH MOAIDH FOUNDATION FOR SERVING MEALS — शहर : MAKKAH
पुर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३८५७ L.T. No.: 246020

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver of Small transport car | 1 | 0 | | 1800 | ५६,४४८ | | | | | | | |

८. कम्पनी: GOOD TASTE SHOP FOR EVENT SUPPLIES RENTAL — शहर : JIZAN
पुर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३८५६ L.T. No.: 246019

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १८ गते (4 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ३,४ र ७ को रु.१०,०००/- अन्यको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

## साइप्रसमा रोजगार

कम्पनी : RED PANDA EMPLOYMENT PRIVATE EMPLOYMENT AGENCY — शहर: Limassol
पूर्व स्वीकृत मिति: २०७७/११/०७ चलानी नं.: ६०१५४६५५ LT. No.: 236255 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 1 | 19 | स. काममा दक्ष | 314 | ४३,३३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १८ गते (4 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ३५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसाग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**HELP OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ४६४/०६०/०६१
Soltimode, Kathmandu, Tel.: 5533336, 9847692346, Email: cvchrs@outlook.com

## साउदीमा रोजगार

१. कम्पनी : SENDAN INTERNATIONAL CO. LTD. — शहर : KSA
पुर्व स्वीकृत मितिः २०७८/०६/१० चलानी नं.: ६०१६३८७९ L.T. No.: 246790

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 4 | 0 | | 1800 | ५६,४४८ | | | | | | | |
| 3. | Road Vehicle Driver | 1 | 0 | | 2500 | ७८,४०० | | | | | | | |

२. कम्पनी : TECHNICAL CONTRACTING COMPANY — शहर : JUBAIL
पुर्व स्वीकृत मितिः २०७८/०६/१० चलानी नं.: ६०१६३८८१ L.T. No.: 246791

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Spray Painter | 3 | 0 | स. काममा दक्ष | 1500 | ४७,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : TECHNICAL CONTRACTING COMPANY — शहर : JUBAIL
पुर्व स्वीकृत मितिः २०७८/०६/१० चलानी नं.: ६०१६३८८० L.T. No.: 246553

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Spray Painter | 2 | 0 | स. काममा दक्ष | 1500 | ४७,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १८ गते (4 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ र ३ को रु. १०,०००/- कामदारले तिर्ने क.नं. २ नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Asiapower Recruitment Consultants Pvt. Ltd.**
Govt Lic No. 1198/073/074
P.O.Box: 24384, Basundhara, Kathmandu, Nepal
Tel : 4016618, 4016797, Mob.: 9851131564, 9851065493
E-mail : asiapowernepaljob@gmail.com

कपिलवस्तु डायरी

**इमरान खान/मध्यान्ह**

# सरकारले नाका खुलाउने निर्णय गरे पनि सीमा वारपारमा अझै उस्तै सास्ती



**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, १० असोज

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस संक्रमणका कारण बन्द रहेका सबै सीमा नाका खुलाउने सरकारले निर्णय गरे पनि सीमा वारपारमा सर्वसाधारण लगायत निजी सवारी साधनले अझै उस्तै सास्ती व्यहोर्नुपरेको छ । मातहतका निकायमा सरकारको निर्देशन नआएको भन्दै सुरक्षाकर्मीले नाकामा पूर्ववत् व्यवहार गरिरहेका छन् ।

गत मंगलबार संघीय सरकारले सीमा नाका खुलाउने निर्णय सार्वजनिक गरेलगत्तै ओहोरदोहोर गर्नेको संख्या बढेको छ । तर, प्रहरीका अनुसार सानादेखि ठूला कुनै पनि सवारीसाधन आवतजावत गर्ने वातावरण बनेको छैन । भारतीय पर्यटक नेपाल आउने क्रम भने त्यति बाक्लो छैन । उनीहरू आएको खण्डमा प्रशासनको पत्रसहित आउने गरेको प्रहरीको भनाइ छ ।

नाकामा राखिएको स्वास्थ्य जाँच स्थानमा सामूहिक आवागमनलाई प्राथमिकतामै राखी जाँच्ने गरिएको छ । भारतीय नाकाबाट पारी जाने नेपालीका हकमा भने नागरिकता वा अन्य कुनै प्रमाणपत्र हेरी पठाउने गरिएको छ। नाका खोल्न नभई सहजीकरणको अनुमति पाएको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले मध्यान्हलाई बताए ।

'पीसीआर रिपोर्ट नेगेटिभ, खोपको डबल डोज लगाएका मानिस पारिदेखि आउने गरेका छन्,' उनले भने, 'अन्य मापदण्ड पुरानै रहेको छ ।' अहिले नै नाका खोलिहाल्ने निर्णय नगरिएको तिवारीले बताए । कपिलवस्तु जिल्लाका सीमा नाका पनि सञ्चालनमा आएका छैनन् । कृष्णनगर, मर्यादपुर र चाकलचौडाबाट सहज आवतजावत छैन । लुकीचोरी छेउछाउबाट सर्वसाधारण जनताहरु नाका वारपार गरिरहेका छन् । सर्वसाधारण जनता र निजी सवार ।साधनहरु नाका हुँदै चल्न पाएका छैनन् । 'जिल्लाबाट कुनैपनि सूचना छैन,' डंगरी बोर्डर आउट पोस्ट (बीओपी) मर्यादपुरका सशस्त्र प्रहरी निरीक्षक शंकरसिंह सिखले मध्यान्हसँग भने, 'यहाँ पहिले जस्तो थियो त्यस्तै अहिले पनि उस्तै छ ।'

कृष्णनगर नाका मुलुकका १० ठूला भन्सार नाकामध्ये रहेको छ । तर, मालवाहक बाहेक अन्य सवार ।साधन यस नाकाबाट पनि अझ सञ्चाल नभएको कृष्णनगर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत जनार्दन पौडेलले बताए । नाका खोल्ने विषयमा गृहबाट कुनैपनि जानकारी नआएको कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले मध्यान्हलाई बताए ।

## इटहरी कांग्रेसमा हेमकर्णको ह्याट्रिक



**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, १० असोज

नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत इटहरी उपमहानगरमा हेमकर्ण पौडेलले तेश्रो पटक जित कायम गर्दै पार्टीमा आफु शक्तिशाली रहेको प्रमाणित गरेका छन् ।

प्रतिद्वन्द्वी विकास केसीलाई ४२ मतान्तरले पछि पार्दै पौडेलले तेश्रो पटक पनि इटहरी सभापतिमा जित हासिल गरेका हुन् । उनको पक्षमा २५३ मत खस्दा प्रतिद्वन्द्वी केसीको पक्षमा २११ मत खसेको थियो । केसी पार्टी सभापति शेरबहादुर देउवा पक्षका मानिन्छन् भने पौडेल वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षका मानिन्छन् ।

इटहरीमा नेपाली कांग्रेस नगर सभापतिका लागि ३ जनाको प्रतिस्पर्धा रहेकोमा प्रकाश बस्नेतलाई पितृ शोक परेपछि उनको उम्मेद्वारी हुन सकेन । सोही कारण देउवा पक्षका केसी र पौडेल दुई जना मात्र मैदानमा उत्रिएका थिए । कुल ४८३ मतदाता रहेको इटहरी कांग्रेसमा ४८२ मत खसेको थियो । आइतबार साँझ निर्वाचन सम्पन्न भएपनि मध्यरातको १२ बजेदेखि मतगणना शुरू भएको थियो । त्यस्तै उपसभापतिमा कोविदजङ्ग कार्की र बालकृष्ण विष्ट निर्वाचित भएका छन् । कार्की हेमकर्ण प्यालनका हुन् भने विष्ट केसी प्यानलबाट विजयी भएका हुन् । त्यस्तै सचिवमा विक्रम घिमिरे र मन्दीप भट्टराई विजयी भएका छन् । सहसचिवमा भएको निर्वाचनमा पौडेल पक्षबाट उम्मेदवार भएका ईश्वर तामाङ र केसी प्यानलकी उम्मेदवार मेनुका गिरी निर्वाचित भए ।

यसैबीच तेस्रो पटक पनि भारी मतले विजयी बनेका नेपाली कांग्रेस इटहरी सभापति हेमकर्ण पौडेलले जित पश्चात पार्टीभित्र देखिएका विवादहरू साम्य बनाउने र सबै पक्षलाई समेटेर अघि बढने प्रतिबद्धता जनाएका छन् ।

जितपश्चात सोमबार सञ्चारकर्मीहरूसँग बोल्दै इटहरी सभापति पौडेलले हिजोको दिनमा स्वयंले गरेका गल्तीहरूलाई समेत सुधार्दै आगामी दिनमा कांग्रेसलाई एकढिक्का बनाउने प्रतिबद्धता जनाए । इटहरी कांग्रेसमा ३१ जनाका लागि ६७ जनाको प्रतिस्पर्धा भएको थियो ।

# कांग्रेस १४ औं महाधिवेशन : पाल्पाका नौ स्थानीय तहको निर्वाचन सकियो



**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), १० असोज

नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत पाल्पा जिल्लाका दश स्थानीय तहमध्ये नौ स्थानीय तहको निर्वाचन सकिएको छ । जिल्लाका सातवटा पालिकामा सर्वसम्मत रुपमा नेतृत्व चयन गरिएको छ भने दुई पालिकामा भने निर्वाचन प्रक्रियाबाट निर्वाचन सम्पन्न भएको छ। एक पालिकामा निर्वाचन स्थगित भएको छ।

रामपुर नगर कार्यसमितिको सभापतिमा पुनः नेत्रप्रसाद भट्टराई निर्वाचित भएका छन् । निर्वाचनमा कुल २१२ मतमध्ये खसेको २०८ मतमा भट्टराईले १२५ मत ल्याई विजयी भएका हुन् भने उनका प्रतिस्पर्धी अर्जुनप्रसाद रेग्मीले ८२ मत प्राप्त गरे ।

नगर उपसभापतिमा देवबहादुर थापा मश्राङ्गी र ज्ञानप्रसाद भण्डारी निर्वाचित भएका छन् । मश्राङ्गीले १४५ मत, भण्डारीले १३० मत प्राप्त गरेका छन् । उपसभापति पदका प्रतिस्पर्धी सरस्वती डोटेलले ६९ र हरीप्रसाद न्यौपानेले ५२ मत प्राप्त गरेको मतदान अधिकृत मुकुन्दराज गौतमले मध्यान्हलाई जानकारी दिए ।

सचिवमा चिरन्जीवी सिग्देलले १४१ र ओमप्रकाश बस्याल १२६ मत ल्याई निर्वाचित भएका छन् । प्रतिस्पर्धी विष्णुप्रसाद बस्यालले ८४ र नरनारायण अर्यालले ४० मत प्राप्त गरेका छन्। सहसचिवमा आवास भट्टराई र राजन सुनार चयन भएका छन्। भट्टराई ९६, सुनार ९१ मत प्राप्त गरी विजयी बनेका छन् भने प्रतिस्पर्धी देवबहादुर दर्जीले ७५, रहिम मुल्ला मियाँले ३७ र पार्वती परियारले ८४ मत प्राप्त गरेका छन् । नगर कार्य समितिको अन्य सदस्य पदमा भने निर्विरोध चयन भएको छ ।

रिब्दीकोट गाउँपालिकामा निर्वाचन सम्पन्न भएको छ। सभापति पदमा रामचन्द्र पाण्डे ९७ मतसहित विजयी भएका छन् भने प्रतिस्पर्धी इन्द्र पाण्डेले जम्मा ७ मत प्राप्त गरेका छन् ।


बगनासकाली गाउँपालिकामा ठानेश्वर तिमिल्सेना, निस्दी गाउँपालिकाको पुर्णबहादुर खाँण, पूर्वखोला गाउँपालिकाका विष्णु आचार्य, रम्भामा ऋषिराम अर्याल, माथागढीमा दिपक थापा, तिनाउँमा प्रेम पाण्डे, र रैनादेवी छहरा गाउँपालिकामा बिष्णु पोखरेल निर्विरोध सभापति पदमा चुनिएका छन् । जिल्ला सदरमुकामको तानसेन नगरपालिकामा भने उद्धाटन सत्रमात्र सम्पन्न गरेर बन्द सत्र शुरु नहुँदै नगर अधिवेशन स्थगित गरिएको छ । तानसेन नगरपालिकामा सर्वसम्मत रुपमा नेतृत्व चयन हुन नसक्दा अधिवेशन अनिश्चित बनेको हो। बुधबारसम्ममा नेतृत्व चयन प्रक्रिया अगाडि बढ्न सक्ने स्रोतको दाबी छ । दुई जना आकाक्षीले आफ्नो दाबी नछाड्ने भएपछि सर्वसम्मतिको उम्मेदवारको खोजी गरिन लागेको बुझिएको छ । शनिबार भएको अधिवेशन सौहार्द्रपूर्ण वातावरणमा सबै पालिकामा सम्पन्न भएको छ । कांग्रेसको १४ औँ महाधिवेशनमा नयाँ निर्वाचित भएका पदाधिकारीमा युवापुस्ताको बर्चस्व छ ।

## तौलिहवा सडक निर्माण तथा व्यवस्थापनमा सरोकारवालाहरुको प्रतिबद्धता

विगत केही समयदेखि निर्माणधीन रहेको हुलाकी मार्गले निर्माण कार्यमा गति नलिँदा तौलिहवा क्षेत्र लगायतका सर्वसाधारणहरुलाई आवतजावतमा समस्या परिरहेको छ। निर्माण कार्यमा ढिलाई हुँदा सर्वसाधारण लगायत सम्पूर्ण नागरिक समाज तथा स्थानीयहरुलाई निकै समस्या परिरहेको छ। यसै विषयलाई मध्यनजर गरी आइतबार संबाद समूह कपिलवस्तुले सरोकारवालाहरुसँग अन्तर्क्रिया गरेको छ। अन्तर्क्रिया कार्यक्रममा सम्बन्धित सबैले समस्याको महशुस गरी सडक निर्माण कार्य तथा व्यवस्थापनमा सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डेयको प्रमुख अतिथ्यतामा भएको अन्तर्क्रियामा नेपाल विद्युत प्राधिकरण तौलिहवा शाखा, नेपाल टेलिकम, नेपाल खानेपानी संस्थान, निमार्ण व्यवसायी संघ, कपिलवस्तु नगरपालिकाका वडा नं. १, २, र ३ का वडाध्यक्ष तथा प्रतिनिधि, हुलाकी रोडका इन्जिनियर, सडक कार्यालयका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो। अन्तर्क्रियामा मुख्य रुपमा खानेपानी कार्यालयले जमिनमुनि रहेका खानेपानीका पाइपहरु समयमै व्यवस्थापन नगरिदिँदा बाटोको निर्माण कार्य अवरुद्ध रहेको बताइएको छ। त्यसै गरी विद्युतका नेपाल टेलिकमका पोल तथा तारहरु समस्याका रुपमा देखिएका छन्। यी कार्याहरुलाई आ-आफ्नो कार्यालयको तर्फबाट यथाशिघ्र व्यवस्थापन गर्ने सम्बन्धित सरोकारवालाहरुले प्रतिबद्धता जनाएका छन्। त्यसै गरी जिल्ला प्रशासन कार्यालय अगाडि रहेको बुद्धको मुर्ती, स्वर्गीय भगवानदाश गुप्ताको शालिक र महेन्द्र गेटलाई व्यवस्थापन गर्नको लागि नगरपालिकाको बैठकमा कुरा राख्ने वडाध्यक्ष रामभजन कलवार र सुदीप पौडेलले प्रतिबद्धता जनाएका छन्। उता हुलाकी मार्ग निर्माणका इन्जिनियर शरद आचार्यले सबै कुरा व्यवस्थित भएको खण्डमा दुई महिनाभित्रै कार्य सम्पन्न गर्ने बताए।

# दशैं बजारले नछोएको एउटा सस्तो बजार



**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १० असोज

काठमाडौंको भोटेबहालस्थित नेपाली उत्पादनहरुको एउटा छुट्टै सामान पाउने बजार छ । सो बजारलाई सस्तो बजार भनेर पनि चिनिन्छ । यो बजारमा दैनिक प्रयोगमा आउने साधारण किसिमका लत्ताकपडाहरु पाइन्छ। यस बजारमा प्राय कालीगढहरु स्वयं व्यापार गर्न बस्छन् । उनीहरुले आफ्नै गार्मेन्टमा उत्पादित कपडाहरु यस बजारमा बेच्छन् । यहाँ २५ रुपैयाँदेखि बच्चाहरुको कपडा पाइन्छ । यहाँ विशेष गरी बिहान ४ बजेदेखि ११ बजेसम्म र बेलुकी ५ बजेदेखि ८ बजे सम्म भिड हुन्छ । यहाँको उत्पादन साधारण व्यापारीहरुदेखि मलसम्म पुग्छन् ।

यो बजारमा दशैं विशेष व्यापार भने हुँदैन। सदाबहार दैनिक प्रयोगमा आउने लत्ता कपडाहरु दिनहुँ व्यापार भैरहन्छन्। व्यापारी सुनिता राई धरानकी व्यापारी हुन् । उनी यो बजारमा सामान पाउँछ भन्ने भर्खर भर्खर थाहा पाएर आएकी हुन्। उनले पहिला महाबौद्धको खासा बजारबाट सामान लाने गरेकी थिइन् । तर खासा बजार भन्दा एउटै सामानमा ३० देखि ४० रुपैयाँ फरक परेपछि दुई दिन लगाएर बजार खोजेर यहाँ आइपुगेको उनी सुनाउँछिन् ।

त्यसो त यो बजार खुलेको पनि धेरै भएको छैन । सानोतिनो बजारहरु पहिल्यैदेखि भएपनि यहाँ प्राय घरको कोठाकोठामा गार्मेन्ट उद्योग सञ्चालनमा थियो । पछि त्यही गार्मेन्ट थोक व्यापारमा परिणत भयो ।

सिन्धुपाल्चोकका हरिशरण लामिछाने केही वर्षदेखि यहींको सामान बेच्दै आइरहेका छन्। उनले यहाँ पाउने सामान महाबौद्धको खासाबजारमा किन्नै छोडे। यहाँको तुलनामा त्यहाँ एउटै सामानमा २० देखि ३० रुपैयाँ महँगो भएका कारण उनले सामान किन्न यहाँ आएको बताए । यहाँको सामान लानका लागि ढुवानीको सुविधा पनि भएका कारण आफुलाई निकै सहज भएको उनले बताए ।

सिता कुस्मी भक्तपुरको टुरिजम मार्केटमा व्यापार गर्छिन् । उनी आफ्नो पसलमा नेपाली गार्मेन्टको दैनिक प्रयोगमा आउने कपडा मात्र बेच्ने गर्छिन् । उनले १० हजार लगानीमा व्यापार गर्न शुरु गरेकी हुन् । उनी एकल महिला हुन् । पहिले चप्पल व्यापार गरेकी उनले नाफा कम भएकै कारण व्यवसाय छोडिन् । अहिले यो व्यापार राम्रो भएको कारण उनलाई दुई बच्चा पढाएर खानलाउन, भाडा तिर्न पुगेको उनी बताउँछिन् । उनी भन्छिन्, '२५ देखि ३० हजार लगानीमा राम्रै नाफा कमाउन सकिन्छ । यस्तो कपडा प्रायः घर बस्दा लगाउने भएकाले सजिलो र सस्तोका कारणले पनि प्रायले प्रयोग गर्ने गरेको उनको अनुभव छ ।

रिबेद खातुन रिजन इम्पोरिएमका संचालक हुन् । उनले 'क' अक्षर पनि पढेका छैनन्। तर पसलमा आएका ग्राहकलाई रिझाएरै व्यापार गर्छन् । बिल बनाउनु पऱ्यो भने उनी आफ्नो नातीलाई लेख्न लगाउँछन्। उनले सानैदेखि गार्मेन्टमा काम गरी अहिले आफ्नै उत्पादन बेच्ने गरेका छन् । पहिल्यैदेखि काम गरेको र कच्चा पदार्थ सजिलै उधारोमा कारोबार हुने भएकाले व्यापार गरेर दिनहुँ किस्ता रकम तिर्ने गरेको उनी बताउँछन् ।

अर्का व्यापारी अनुप गुप्ताले शुरुदेखि नै यहाँ व्यापार गदै आएका छन्। पहिले भन्दा अहिले ग्राहकको चहलपहल बढ्दै आएको उनी बताउँछन् । पहिले प्रायः थोक बिक्रेताले मात्र चिन्थे भने अहिले साना व्यापारीहरुले पनि चिन्न थालेका कारण राति देखि नै सामानको जोहो गर्न लाग्नुपर्ने उनी बताउँछन्। अहिले सिजन अनुसार सामान बनाउन भ्याईनभ्याई छ । जाडोको सिजनमा गर्मीको भन्दा बढी व्यापार हुने भएकाले अहिले देखि नै तयारीमा लागेको उनले बताए ।


**Qatar मा रोजगार ।** कम्पनी: **SUITABLE CONTRACTING & SERVICE**
शहर: **DOHA**

पुर्व स्वीकृत मिति: २०७८/०३/२८ | चलानी नं.: ६०१६००४६ | L.T. No.: 242295 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज १८ गते (04 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 1140/073/074
**Al Raas Recruitment Services Pvt. Ltd.**
Sukedhara-4, Kathmandu, Nepal, Tel : 01-4375437
Mobile: 9813533336, 9813949784, 9844501493, 9851051289
Email : alraasreception7@gmail.com, hralraas7@gmail.com



**जापानमा रोजगारको अवसर**

कम्पनी: **HOKUDENSETSUBI CO.,LTD.** शहर: Kita Nagoya

पूर्व स्वीकृत मिति: २०७८/०६/०८ | चलानी नं.: ६०१६३७५९ | LT. No.: 245116

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Freezing And Harmonizing Equipment Installer | 1 | 0 | स. काममा दक्ष | 161500 | १,७२,००० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**खादी मुलुकमा Electricians सम्बन्धी काम गरेको वा सम्बन्धीत काममा दक्ष व्यक्तिहरुलाइ प्राथमिकता दिइने छ ।**

१) गल्फ Country मा AC Fixing सम्बन्धी काम गरेको आनुभबी हुनुपर्ने छ ।
२) Interview पास भएपछि मात्र जापानिज भाषा पढ्नु पर्ने छ । ३) कम्तिमा एस.एल.सी पास भएको हुनुपर्ने छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

**अनलाइन अन्तर्वार्ता मेनपावर अफिस, काठमाडौंमा मिति २०७८ असोज १८ (4 Oct. 2021) गते हुनेछ ।**

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ३२ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च : नि:शुल्क ।- मात्र**
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता अनलाईन मार्फत: प्रा. लि. को कार्यालयमा २०७८ असोज १८ गतेमा हुनेछ ।**

**नोट : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोट: जापानिज भाषा जानेकोलाई प्राथमिकता दिइने छ ।**

License No.: 294/058/059
**SUBASH VIJAY ASSOCIATES PVT. LTD.**
Samakhusi, Kathmandu | Tel. No.: 01-4384710, 01 4379749
Mob.: 9801236544 | P.O. Box No.: 9681 | Email: svassociatesnp@gmail.com


# उच्च अदालतको गेटमै व्यवसायीमाथि खुकुरी प्रहार, एक पक्राउ

**विराटनगर/मस**–उच्च अदालत विराटनगरको गेटैमा एक व्यक्तिमाथि खुकरी प्रहार गएको छ । ३२ वर्षीय कलामसिंह लामामाथि आइतबार उच्च अदालत गेटैमा खुकुरी प्रहार भएको हो । लामामाथि खुकुरी हान्ने विराटनगर महानगरपालिका-११ का २७ वर्षीय विमल कार्कीलाई प्रहरीले पक्राउ गरिसकेको छन् ।

खुकुरी प्रहार गरिएका उनको विराट नर्सिङ होममा उपचार भइरहेको छ। लामाको पेट, हातलगायत शरीरका विभिन्न भागमा गहिरो चोट लागेको छ । उनको अवस्था भने खतरामुक्त रहेको उपचारमा संलग्न चिकित्सकले जनाएका छन् ।

किन गरियो लामालाई खुकुरी प्रहार ?

काभ्रे घर भई भक्तपुरको सूर्यविनायक नगरपालिका-८ मा बस्दै आएका लामा आइतबार बिहान मात्रै विराटनगर आइपुगेका थिए । मोरङको कटहरी गाउँपालिका-६ मा रहेको मोरङ राजधानी इँटा उद्योगमा लामाले दुई वर्षअघिदेखि लगानी गरेका थिए ।

प्रहरीका अनुसार वरिष्ठ अधिवक्ता सुरेशलाल श्रेष्ठको ल-फर्मबाट निस्किएर उच्च अदालतको गेटअगाडि पुगेपछि लामामाथि दुई जना युवाहरूले एक्कासि खुकुरीले आक्रमण गरेको खुलेको छ । खुकुरी प्रहार हुँदा लामासँग उनका साथी मोरङको कटहरी-६ का ४१ वर्षीय सुवास सरदार पनि सँगै थिए । घटना छुट्याउँदा उनको पनि शरीर र कपडाभरि रगत लागेको छ। सरदारले दुई जनाको संख्यामा रहेका युवाले खुकुरीले प्रहार गरेको बताए । लामाको लगानी रहेको मोरङको कटहरीको इँटा उद्योगका विषयलाई लिएर पछिल्लो समय विवाद भएको थियो । उद्योगमा दुई वर्षअघि मात्रै लामाले लगानी गरेका हुन् । प्रहरीका अनुसार त्यसअघि उद्योग मोरङको नोचाका मोहम्मद साजितको रहेको खुलेको छ । उद्योगमा साजित र उनकी श्रीमतीको ५०/५० प्रतिशत शेयर थियो। साजितले श्रीमतीको नाममा रहेको ५० प्रतिशत शेयर लामालाई बेचेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।

आधा-आधा शेयर रहेको उद्योग नै पछि ५ वर्षका लागि लामालाई साजितले लिजमा दिएको पाइएको छ । त्यसवापत उनलाई लामाले वार्षिक ५० हजार थान इँटा दिने सर्तमा थियो ।

तर पछिल्लो समय उद्योग एकलौटी बनाउने प्रयास साजितले गरिरहेको पाइएको प्रहरीको भनाइ छ । उद्योगबाट लामालाई निकाल्न र लामाको नाममा रहेको शेयर एकलौटी बनाउन साजितले विभिन्न खेल खेलिरहेको पाइएको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार दुई जना बीच यही विषयलाई लिएर विवाद भइरहन्थ्यो । इँटा उद्योगसँग सम्बन्धित कामले विराटनगर आएका बेला पुरानो विवादलाई लिएर लामामाथि खुकुरी प्रहार भएको प्रहरीको दावी छ ।

## सम्पादकीय

# विवेकको परीक्षण

प्रमुख राष्ट्रिय राजनीतिक दलहरू मात्रै नभएर साना शक्तिहरू समेत नेतृत्व चयनमा केन्द्रीत भएका छन् । सत्तारूढ दल नेपाली काँग्रेस गएको १८ भदौ देखि नै नेतृत्व चयनमा केन्द्रीत छ । काँग्रेसले वडा, पालिका, प्रदेश निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला, प्रदेश र केन्द्रको महाधिवेशनको कार्यतालिका तय गरेको छ । काँग्रेसले कार्यतालिका संशोधन गर्दै आएपनि नेतृत्व चयन प्रक्रिया भने रोकिएको छैन । क्रियाशील सदस्यता विवादका कारण कार्यतालिका संशोधन गर्दै आएको काँग्रेस यतिबेला वडा र पालिका/नगरपालिका/उपमहानगरपालिका/महानगर पालिकाको निर्वाचनमा केन्द्रीत छ । काँग्रेस जस्तै प्रमुख विपक्षी दल नेकपा एमाले पनि महाधिवेशन केन्द्रीत गतिविधिका साथ अगाडि बढेको छ ।

आइतबार मात्रै एमालेले विधान महाधिवेशनमा पेश गरिने राजनीतिक, संगठनात्मक र विधान संशोधन प्रस्ताव मस्यौदामाथि केन्द्रीय कमिटी बैठकमा छलफल सकेको छ । असोज दोस्रो साता विधान महाधिवेशन गर्दै आगामी मंसिर १०–१२ मा दशौं राष्ट्रिय महाधिवेशन गर्नेगरी एमाले अगाडि बढेको छ । सदस्यता नवीकरण, वितरण, विधान महाधिवेशन लगायत तालिका पटकपटक संशोधन गर्दै आएपनि एमालेले मंसिरमा तोकिएको महाधिवेशनको मिति कायमै राखेको छ । एमालेबाट भर्खरै अलग भएको नेकपा (एकीकृत समाजवादी) ले पनि तीन महिनाभित्र राष्ट्रिय सम्मेलनको मिति तोकेको छ । २ भदौमा मात्रै पार्टी दर्ता भएको एकीकृत समाजवादीले पार्टी नेतृत्व र नीति तय गर्न सम्मेलन गर्न लागेको हो । अर्का सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र) पनि राष्ट्रिय सम्मेलनमा जुटेको छ । माओवादी केन्द्रले पुसमा सम्मेलन गर्ने निर्णय गरिसकेको छ ।

अन्य साना दलहरूले पनि नेतृत्व चयन गर्नेगरी महाधिवेशन/राष्ट्रिय सम्मेलन गर्दैछ । यस्तो बेला पार्टी कार्यकर्ताले विवेक पुऱ्याउन आवश्यक छ । किनकि राजनीतिक दलहरू मुलुककै सरोकारका विषय हुन् । सम्मेलन मार्फत् लिने राजनीतिक कार्यक्रम र नेतृत्वले मुलुकलाई प्रभाव पार्नेछ । काँग्रेसको मातहतको कार्यसमितिको नेतृत्वमा आएका केही मुहार आशा जगाउने प्रकृति देखिन्छ । नेतृत्वमा युवा, महिला जस्ता समावेशी र उर्जाशील नेतृत्व चयन भएको छ । अब काँग्रेस बाँकी निर्वाचनबाट नेतृत्व चयनमा ध्यान दिन जरूरी छ । सँगै नीति तर्जुमातर्फ पनि ध्यान पुऱ्याउन आवश्यक छ । अहिले कोरोना महामारीका कारण सिर्जित मानवीय संकटमा नेतृत्वको असफलतालाई हेरेर पनि कार्यकर्ता पंक्तिले मुलुकलाई सही ट्र्याकमा राख्न अहिले विवेक प्रयोग गर्ने उपयुक्त समय हो ।

## सामाजिक सञ्जाल



जसरी गान्धी र डा. राजेन्द्रहरूले लडेर भारत स्वतन्त्र भयो, अब्राहमहरूले लडेर अमेरिका स्वतन्त्र भयो, मण्डेलाहरूले लडेर अफ्रिका स्वतन्त्र भयो, त्यसरी नै माओवादीले लडेर देशमा परिवर्तन आयो । माओवादी नभएको भए ठूला भनिने संसदीय नेता या त जेलमा हुन्थे या राजाको भारदारी सभामा ।

**- मनहरि तिमिल्सिना**




मणिपाल कलेजको किनबेच गैरकानूनी र अवैधानिक रहेछ भने यस अपराधमा संलिप्तहरू किन बाहिर घुमिरहेका छन् ? बतास र हावा नाम लेखेपछि सात खुन गर्न पाइने ? राजद्रोहको मुद्दा लगाईं सबैलाई कानूनी दायरामा ल्याउ सरकार !

**- निर्मल प्रसाईं**



पालिका गान, प्रदेशको आफ्नै लोकायुक्त, नियुक्तिमा एउटै समुदायको प्रतिनिधित्व यस्ता कामले संघीयता सवल हुँदैन । संघीय इकाइहरूको अस्तित्व संविधानका प्रावधानभित्र मात्र हुन्छ, यस बाहिर अस्तित्व खोज्नुले विखण्डन निम्त्याउछ । समय मैं सचेत हुनु राम्रो ।

**- उमेश मैनाली**



भ्रष्टाचार र कर छलि रोक्न नसके पनि कम्तिमा हुण्डी मात्रै रोक्ने भए पनि रेमिटान्सबाट ठुलो रकम भित्रीन्थ्यो । जसको कारणले सरकारले जनताबाट ऋण र पुँजीको रूपमा धेरै पैसा उठाएर आवश्यक परियोजना बनाउन सक्थ्यो । तर, सरकार नै भ्रष्टचार गरेर हुण्डिमार्फत विदेश पैसा लान तल्लिन छन् भने किन रोक्थेर ।

**- पदम चालिसे**



कतै मक्का मदिना छ, कतै भ्याटिकन सिटी छ त कतै जेरूसलम । संसारभरिका मानिस आआफ्नो धर्मअनुसार धार्मिक यात्रा गर्छन् । हाम्रो देशलाई, जहाँ पशुपतिनाथ, मुक्तिनाथ, सीता र बुद्धको जन्मभूमि छ, हिन्दु र बौद्ध धर्मावलम्बीहरूको मक्का, भ्याटिकन र जेरूसलम बन्न नदिन किन षड्यन्त्र गरिन्छ ?

**- विनोद ज्ञवाली**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com


# एमसीसी र राष्ट्रियता

**अमेरिकी सरकारको रक्षा मन्त्रालयले तयार पारेको रणनीतिक योजनालाई 'हिन्द प्रशान्त रणनीति' नामाकरण गरियो । एमसीसी त्यसैअन्तर्गतको परियोजना हो । आर्थिक सहायता, विकास निर्माणमा सहयोग आदि नाममा खासगरी विकासशील राष्ट्रमा प्रवेश गर्ने माध्यमका रुपमा अमेरिकाले यसलाई प्रयोग गर्ने गरेको छ । यसको बाहिर देखाउने पक्ष र भित्री रहस्य बेग्लै छन् ।**



● सी पी गजुरेल

अमेरिकी सरकारले विश्वमा आफ्नो वर्चस्व सकिँदै गएपछि त्यसलाई फेरी स्थापित गर्ने उद्देश्यले नयाँ रणनीति तयार गरेको छ । अमेरिकी सरकारको रक्षा मन्त्रालयले तयार पारेको त्यो रणनीतिक योजनालाई 'हिन्द प्रशान्त रणनीति' नामाकरण गरियो । एमसीसी त्यसैअन्तर्गतको परियोजना हो । सिधा र प्रत्यक्ष सामरिक परियोजनाका रुपमा प्रस्तुत नगरेर यसलाई गैरसामरिक परियोजनाका रुपमा प्रस्तुत गरिएको छ । आर्थिक सहायता, विकास निर्माणमा सहयोग आदि नाममा खासगरी विकासशील राष्ट्रमा प्रवेश गर्ने माध्यमका रुपमा अमेरिकाले यसलाई प्रयोग गर्ने गरेको छ । यसको बाहिर देखाउने पक्ष र भित्री रहस्य बेग्लै छन् ।




सम्वत् २०७४ साल भाद्र २९ मा नेपालका तत्कालिन सरकारका अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले अमेरिका पुगेर एमसीसीका अधिकारीहरुसँग सम्झौतामा हस्ताक्षर गरेका थिए । एमसीसी परियोजनाले दिने भनिएको ५० करोड अमेरिकी डलरमा नेपालले १३ करोड अमेरिकी डलर थप गर्नुपर्ने प्रावधान छ । यसको भित्री उद्देश्य बुझ्ने देशभक्तहरु यसको विरोधमा छन् । जसले यसको समर्थन गर्ने गरेका छन्, त्यसमा दुई थरी छन् स् एकथरीले भित्री उद्देश्य बुझेर पनि समर्थन गरेका छन् । अर्काथरीले वास्तविकता नबुझेर समर्थन गरेका छन् ।

> यदि अमेरिकाले नेपालको अखाडाबाट चीनमा प्रहार गर्यो भने चीनले जवाफी कारबाही त अखाडामै गर्ने छ । त्यस अवस्थामा नेपाल त दुई शक्तिशाली देशहरुको रणमैदान बन्ने छ । अर्को शब्दमा, नेपाल अर्को सिरिया बन्ने खतरा पैदा हुन सक्दछ ।

बुझेर पनि बुझ पचाउनेहरुको भनाई छ, 'एमसीसी परियोजना विशुद्ध अमेरिकी आर्थिक सहयोग हो । यो नेपालको आर्थिक विकासका लागि दिन लागिएको हो । यती ठुलो रकम उम्कन दिनु हुँदैन । अमेरिकाले भनेको जुनसुकै सर्तलाई स्वीकारेर भए पनि यसलाई हात पानुपर्दछ । संसदको यही अधिवेशनबाट उक्त सम्झौतालाई अनुमोदन गर्नुपर्दछ ।' यो भनाई खासगरी ती व्यक्तिहरुबाट आइरहेको छ जो अमेरिका परस्त छन् । यिनीहरुले आफ्नो स्वार्थ पुरा गर्नका लागि भित्री रहस्य बुझेर, पनि बुझपचाई रहेका छन् । यस प्रकारका मानिससँग बहश छलफल गर्नुको पनि त्यती औचित्य छैन । अर्काथरी मानिसहरु जो सिधा साधा छन् र यसभित्रको षड्यन्त्र बुझ्दैनन् । उनीहरुले सोझो किसिमले यत्रो रकम आर्थिक सहायताका रुपमा पाइन्छ भने किन छाड्ने भन्ने अर्थमा बुझेका छन् । यस किसिमका मानिसहरुसँग छलफल गर्ने, बहश गर्ने, उनीहरुलाई वास्तविकता बुझाउने प्रयत्न गर्नुपर्दछ ।

अमेरिकी सरकारको एमसीसी परियोजना किन नेपाल भित्रिन खोज्दै छ ? यसका दुई वटा कारण भएको देखिन्छ : पहिलो, समकालिन विश्वमा आफ्नो मुख्य प्रतिस्पर्धी शक्ति चीनलाई घेरा हाल्ने र आवश्यकता परे सामरिक टकरावमा पनि जानका लागि नेपाललाई आधारका रुपमा प्रयोग गर्ने वा अखाडा बनाउने । यो तथ्य अघि सार्दा एमसीसी पक्षधरहरु के भन्दछन् - चीनसँग अमेरिकाले त्यसो गर्दैछ भने पनि त्यो त चीनको कुरा हो । कसरी सामना गर्ने भन्ने उसको विषय हो । हामीले किन टाउको दुखाउने ? हामीले टाउको दुखाउने अवस्था किन आउँछ भने यदि अमेरिकाले नेपालको अखाडाबाट चीनमा प्रहार गर्यो भने चीनले जवाफी कारबाही त अखाडामै गर्ने छ । त्यस अवस्थामा नेपाल त दुई शक्तिशाली देशहरुको रणमैदान बन्ने छ । अर्को शब्दमा, नेपाल अर्को सिरिया बन्ने खतरा पैदा हुन सक्दछ ।

अर्को विषय, नेपालमा बहुमूल्य धातु युरेनियमको भण्डार छ भन्ने अनुमान छ र त्यसको पहिलो चरणको अनुसन्धान पनि भैसकेको छ । परमाणु अस्त्रमा प्रयोग हुने युरेनियम धातु तिर पनि अमेरिकाको आँखा गएको देखिन्छ । अमूल्य जडीबुटी र जलस्रोतमा त हामी सम्पन्न नै छौं । त्यसमा पनि अमेरिकाको चासो देखिन्छ । यिनीहरुमाथि नियन्त्रण गर्न एमसीसी सम्झौता लागु नगरि नछाड्ने पक्षमा देखिन्छ अमेरिका छ ।

अन्य कारण पनि छन् । तर, यी दुईवटा मुख्य विषय हुन् जसका कारण हामी अमेरिकी राष्ट्रघाती परियोजना एमसीसीलाई नेपाल प्रवेश गराउन चाहँदैनौं । त्यसैकारण एमसीसी सम्झौता खारेज गराउन हामी संघर्ष गरिरहेका छौं ।

# विद्यार्थीलाई दिवा खाजा किन दिने ?

**कुनै पनि बच्चालाई विद्यालयमा भोको पेटमा टिकाउन, सिकाउन र सिकाइलाई दिगो बनाउन असम्भव हुन्छ । यसर्थ सकेसम्म विद्यालय तहका सबै कक्षाहरुमा दिवा खाजाको प्रबन्ध हुनु लोककल्याणकारी राज्यका दृष्टिले न्यायपूर्ण नै हुन्छ ।**



● ईश्वरीप्रसाद पोखरेल

सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रणालीको विकास गर्न आवश्यक देखिएको छ । स्थानीय तहका शिक्षा प्रमुख र जनप्रतिनिधिहरुलाई चाहिने आवश्यक न्यूनतम व्यस्थापकीय प्रशासनीक ज्ञान तथा प्राविधिक स्वास्थ्य मापन, पोषकतत्वको ज्ञान र सन्तुलित दिवा खाजाको व्यवस्थापन गर्ने सीपसहितको क्षमता अभिवृद्धि गर्नु जरुरी देखिएको छ । यसलाई सम्बोधन गर्न नेपाल सरकारले कार्यक्रमलाई अगाडि बढाएको अवस्था छ ।

### आधारभूत तहमा दिवा खाजा

मानव पूँजी विकासको दृष्टिकोणले आधारभूत तहको विद्यालय तहमा बालबालिकाहरुलाई खुवाइने दिवा खाजाको महत्व अति धेरै छ । तर विद्यालय तहमा खुवाउन तोकिएको दिवा खाजाको मात्रा, गुणस्तर मापदण्ड एवं सुरक्षित र व्यवस्थापकीय प्रावधानको सजगता अति जरुरी हुन्छ । यसर्थ दिवा खाजाको प्रबन्ध गर्ने, स्रोत जुटाउने र पकाएर खुवाउने तथा लाभान्वित हुने विद्यार्थी र अभिभावक सहितका सरोकारवालाहरुलाई दिवा खाजाको वैज्ञानिक मापदण्ड सित राम्ररी सुसूचित गर्न, गराउन उच्च सचेतताको आवश्यकता हुन्छ । यसर्थ दिवा खाजासँग सम्बन्धित पोषण लगायत अन्य प्राविधिक विषयमा आवश्यक ज्ञान र क्षमता सरोकारवालाहरुमा अभिवृद्धि गर्न र गुणस्तरीय खाजाको सुनिश्चितता गर्न सरकार प्रतिवद्ध देखिन्छ ।

> बालबालिकालाई ताजा र स्वच्छ खाजा खुवाउन, पौष्टिक सन्तुलित आहारको व्यवस्था मिलाउन अति आवश्यक छ । विद्यार्थीलाई खाजा खुवाउने र खाजाको मात्रा, परिमाण सिकाउँदा शिक्षकले किताबी मात्रै होइ प्रकृति वातावरण, जीवजन्तु र सबै व्यवहारिक ज्ञान सिकाउने आधार दिवा खाजा मेनु तालिका हुनसक्छ । आज आफूले शिशु कक्षादेखि सिकेको र खाएको मात्रा क्रमशः घर परिवारमा लागू गर्न गराउन सहयोगी हुनसक्छ ।

कुनै पनि बच्चालाई विद्यालयमा भोको पेटमा टिकाउन, सिकाउन र सिकाइलाई दिगो बनाउन असम्भव हुन्छ । यसर्थ सकेसम्म विद्यालय तहका सबै कक्षाहरुमा दिवा खाजाको प्रबन्ध हुनु लोककल्याणकारी राज्यका दृष्टिले न्यायपूर्ण नै हुन्छ । तर, हाम्रो आर्थिक अवस्था, राज्यको सामर्थ्यले शिशुदेखि कक्षा ५ सम्मको झण्डै ३१ लाख विद्यार्थीको दिवा खाजा प्रबन्ध गर्न वार्षिक आठ अरबभन्दा बढी खर्च गरिदैं आएको छ । यो कार्यक्रमबाट सबै जिल्लाका स्थानीय तह मार्फत कम्तिमा ५/७ करोडदेखि ५० औं करोडसम्म एउटै जिल्लामा बजेट प्रवाह हुन थालेको छ ।

### खाजामा पोषक तत्व

मानिसलाई मुख्यतया चार किसिमका खाद्य सामग्रीको आवश्यक पर्दछ । कार्वोहाइडेड, प्रोटिन, फ्याट र खनिज पदार्थले शारीरिक वृद्धि, मानसिक वृद्धि, संवेगात्मक पक्षको सन्तुलित विकासमा न्याय गर्दछ । नेपाल सरकारको मान्यता बालबालिकालाई चाहिने समग्र पोषण तत्वको एक तिहाइ भाग विद्यालय दिवा खाजाले पूर्ति गर्नुपर्दछ । यस आधारमा ३० प्रतिशत कभर हुने गरी दिवा खाजामा कम्तिमा कच्चा सामग्री १५० ग्राम र अधिकतम २०० ग्रामको प्रति विद्यार्थी भाग पर्ने गरी दिवा खाजाको मेनु तालिका १० वटा क्षेत्रमा प्रयोग हुन सक्ने ६० वटा नमूना पुस्तिका निर्माण गरिएको छ ।

अध्ययनहरुले कतै १५ रुपैयाँमा तोकिएको खाजा तयार गर्न सकिने त कतै ३ देखि ८ रुपैयाँसम्म लागत बढी पर्ने पनि देखाएको छ । खाजा तयारी तथा व्यवस्थापनमा आर्थिक लागतका दृष्टिकोणले ठूला आकारका विद्यालयमा तोकिएको मात्राको खाजा खुवाउन निर्धारित रकमले सजगता पूर्वक काम गर्दा पुगेको देखिन्छ । तर साना आकारका १०, २० देखि ५० भन्दा कम विद्यार्थी हुने विद्यालयहरुमा यो रकमले पुराउन कठिन हुन्छ वा असम्भव देखिन्छ । यसर्थ समुदायका अभिभावक, विद्यालय आफैं, स्थानीय सरकार, प्रदेश सरकार वा सामाजिक संघसंस्थाहरुको दोहोरो नहुने गरी आर्थिक साथ, सहयोग अति आवश्यक छ । संघीय सरकारको तर्फबाट उपलब्ध रकमले मात्र हिमाली, दुर्गम पहाडी र अति थोरै विद्यार्थी भएका विद्यालयहरुमा गुणात्मक खाजा व्यवस्थापन धेरै चुनौतीपूर्ण हुने निश्चित देखिन्छ ।

खाजामा के खुवाउने ? कसरी खुवाउने ? कति मात्रामा खुवाउने ? खाजाको मापदण्ड र परिकारहरु के-के हुन सक्छन् ? स्थानीय ताजा, शुद्ध र विषादि रहित खाजाको प्रबन्धका आधार के-के हुन सक्छन् भन्ने विषयमा विद्यालय दिवा खाजा मापदण्ड पुस्तिका देशै भरीका सामुदायिक विद्यालयहरुमा तालीम प्रशिक्षण र सहजीकरणका क्रममा वितरण गरी पुराइरहेको अवस्था छ भने शिक्षा तथा मानवस्रोत विकास केन्द्रको वेवसाइटमा राखिएको छ ।

### व्यवस्थापकीय भूमिका

बालबालिकालाई ताजा र स्वच्छ खाजा खुवाउन, पौष्टिक सन्तुलित आहारको व्यवस्था मिलाउन अति आवश्यक छ । विद्यार्थीलाई खाजा खुवाउने र खाजाको मात्रा, परिमाण सिकाउँदा शिक्षकले सामाजिक विषय, गणित विषय, भाषा विषय, विज्ञान विषय, स्वास्थ्य विषय, प्रकृति वातावरण, जीवजन्तु र सबै व्यवहारिक ज्ञान सिकाउने आधार दिवा खाजा मेनु तालिका हुन सक्छ । आज आफूले शिशु कक्षादेखि सिकेको र खाएको मात्रा क्रमशः घर परिवारमा लागू गर्न गराउन सहयोगी हुन सक्छ । आफूलाई बानी परेको खाद्य परिकार र शारीरिक, मानसिक तथा संवेगात्मक प्रभावको सिकाइलाई आफू आमा, बाबु र अभिभावक हुँदा पूर्ण रुपमा कार्यान्वयन गर्न सक्छन् । यसरी सम्पूर्ण स्वस्थ, स्वच्छ र सामाजिक अन्तरघुलन हुने जातपातको अमानवीय विभेदको अन्त्य गर्न अप्रत्यक्ष भूमिका खेल्ने विद्यालय दिवा खाजा व्यवस्थापनमा सबै सरोकारवालाको सक्रीय सहभागिता आवश्यक छ ।

संघीय सरकारले प्रति विद्यार्थी रु. १५ र कर्णालीका ५ जिल्लामा रु. २० प्रति विद्यार्थी एक वर्षमा १८० दिनका लागि रकम दिएको छ । तोकिएको मापदण्ड अनुसारको खाजा तयार गर्न अपुग र नपुग्ने रकमको व्यवस्थापन गर्ने दायित्व अभिभावक, समुदाय, विद्यालय, स्थानीय तह, प्रदेश सरकार र सामाजिक संघसंस्थाको हुन सक्छ । संघीय सरकारबाट रकम पूर्ण पारदर्शीसाथ निकाशा गर्ने, खाजाको व्यवस्थापनमा अतिरिक्त सहयोग गर्ने र खाजा तयारी सीप, दक्षता अभिवृद्धि गर्ने, गराउने जिम्मेवारी स्थानीय तहको हुनु पर्दछ । विद्यालय तहमा ताजा, स्वस्थकर तथा गुणात्मक खाजा प्रबन्ध र सुरक्षित तयार गरी दिवा खाजा खानपानको व्यवस्थापनमा प्रधानाध्यापक तथा तोकिएका शिक्षकले अभिभावकहरुको सहकार्यमा विद्यालय व्यवस्थापन समितिको निर्णयमा कार्यान्वयन हुने व्यवस्था मिलाउनु पर्दछ ।

### सरोकारवाला क्षेत्र र निकायको भूमिका

नेपालमा ३१ लाख विद्यार्थीलाई १८० दिन खाजा खुवाउन प्रत्येक दिनका लागि १८० टन खाद्य सामग्री, १५० टन गेडागुडी, ९० टन पशुजन्य माछा, मासु, अण्डा र तरकारी जन्य र फलफूल खपत हुने आंकलन छ । विद्यालय दिवा खाजा कार्यक्रमले वार्षिक ९ अरब हाराहारीको बजार कारोवार हुने देखाएको छ । यसर्थ अघाउन मात्र खाने होइन, पोषणका लागि हो भन्ने शिक्षालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न संघीय तहदेखि, प्रदेश, जिल्ला र स्थानीय तहका शिक्षा, कृषि तथा स्वास्थ्य संस्थाको समान भूमिका तथा जवाफदेहिताले मात्र विद्यालय दिवा खाजाको गुणस्तर तथा जनताको आयार्जन र स्वास्थ्य प्रर्बधनमा एकसाथ नतिजा दिने छ । यी त्रिखुट्टी निकायको एक आपसमा समन्वय, सहकार्य र सहयोग विना जीवनको गति चल्न सक्दैन् र मुलुकको समृद्धि सम्भव हुँदैन भन्ने ज्ञान विद्यालय दिवा खाजाले नेपाली व्यापी समुदायस्तरमा बहसमा ल्याउन सफलता पाएको छ । एकसाथ देशव्यापी दिवा खाजाको अभियान सञ्चालन गरेकोमा नेपाल सरकारलाई कृतज्ञता जाहेर गर्नै पर्दछ ।

अन्त्यमा, दिवा खाजाको लागि चाहिने स्थानीय उत्पादनमा आधारित खाद्य टोकरी र सोको आधारमा पोषणयुक्त सामान्य खाजा मेनु (सूची)को निर्माण गर्न सक्ने सीपको विकास गर्न, गराउन नेपाल सरकारलाई आर्थिक, प्रशासनिक तथा व्यवस्थापकीय सहयोग गर्ने अन्तर्राष्ट्रिय संस्था विश्वखाद्य कार्यक्रम पनि धन्यवादको भागीदार छ । विद्यालय दिवा खाजा कार्यक्रम व्यवस्थित रुपमा कार्यान्वयन गर्न आ आफ्नो स्थानीय परिवेश अनुकूलको व्यवस्थापन प्रणाली छनोट गर्न र गुणात्मक खाजा प्रबन्ध गर्न स्थानीय तहहरुको सहयोग अपरिहार्य नै हुनेछ । दिवा खाजा सुरक्षित, गुणस्तरीय र पोषणयुक्त बनाउन आवश्यक पहल गर्ने, गराउने र सबै विद्यार्थीमार्फत समुदायस्तरमा सन्तुलित खानपिनको जग हाल्न विद्यालयहरु दिवा खाजा कार्यक्रमको माध्यमबाट सफल हुने नै छन् ।

*(लेखक पोखरेल, शिक्षा मन्त्रालयका उपसचिव हुन् ।)*

## सिन्धुपाल्चोक डायरी

देवराज सुवेदी/मध्यान्ह

# इसीडी शिक्षक र कर्मचारी आन्दोलित



संघीय सरकारले प्रारम्भिक बाल विकास सहजकर्ता (इसीडी शिक्षक) र कर्मचारीको पारिश्रमिक वृद्धि गरेर १५ हजार पुऱ्याउने घोषणा गऱ्यो । घोषणा अनुसार संघीय सरकारले ८ हजार उपलब्ध गराउने र बाँकी ७ हजार स्थानीय सरकारले व्यहोर्नुपर्ने उल्लेख छ । तर, स्थानीय तहहरुले भने संघीय सरकारले तोके अनुसारको इसीडी शिक्षक र कर्मचारीहरुलाई ७ हजार थपेर पारिश्रमिक उपलब्ध गराउन सकेका छैनन् ।

मेलम्ची नगरपालिका स्तरीय इसीडी शिक्षक र विद्यालय कर्मचारीहरु आन्दोलित भएका छन् । संघीय सरकार र स्थानीय सरकार भएर न्यूनतम १५ हजार पारिश्रमिक तोकिदिएपनि स्थानीय सरकारले संघीय सरकारको आदेश नमानेको भन्दै उनीहरु आक्रोशित भएका हुन् । संघीय सरकारले ८ हजार र स्थानीय सरकारले दिने भनेको ७ हजार गरी १५ हजार मासिक तलब अनिवार्य पाउनुपर्ने माग गर्दै उनीहरुले नगरपालिकाको ध्यानाकर्षण गराएका हुन् । आइतबार नगरपालिका पुगेरै विद्यालय कर्मचारी संगठन नेपालका जिल्ला अध्यक्ष मनोरथ दुलाल, इसीडी शिक्षक र विद्यालय कर्मचारी संगठन मेलम्ची नगरपालिका अध्यक्ष अप्सरा तिवारी र कर्मचारीले उपप्रमुख भगवती नेपाल र शिक्षा शाखामा ज्ञापनपत्र बुझाएका हुन् । मेलम्ची - ८ जलवाइदेवी बाल विकास केन्द्रका इसीडी शिक्षक देवी गिरीले पटक पटक नगरपालिकालाई जानकारी गराउँदा पनि नगरले चासो नदिएको गुनासो गरे गरिन । विद्यालयले पनि कार्यालय सहयोगीहरुलाई हेप्ने गरेको उनीहरुले गुनासो गरेका छन् । विदाको दिन, शनिबार र दिनरात नभनी काम गर्दापनि विद्यालय समितिबाट अपमानित हुनपरेको शिक्षक तथा कर्मचारीहरुले गुनासो गरेका छन् ।

दशैंअघि पारिश्रमिक आउँदा आफ्नो तलब थप भएर आउनुपर्ने शिक्षक तथा कर्मचारीको माग छ । स्थानीय सरकार आएको ४ वर्ष बितिसक्दा पनि आफ्नो समस्या जस्ताको तस्तै रहेको भन्दै माग पुरा नभए आन्दोलन गर्ने पीडितहरुले चेतावनी दिएका छन् । शिक्षक तथा विद्यालय कर्मचारीको मागलाई मेलम्ची नगरपालिकाले स्वागत गर्दै उनीहरुको उचित मागलाई तत्काल बैठक बसेर नगरपालिकाले निर्णय गर्ने नगरपालिका शिक्षा शाखाका स्रोत व्यक्ति उद्धव प्रसाद चौलागाईंले बताए ।

## हेलम्बु रातोपुलमा तुइन संचालन

गत असार १ र साउन १७ गते मेलम्ची खोलामा आएको बाढीले चनौटेस्थित रातोपुल बगाएपछि वैकल्पिक वारपार गर्न उक्त खोलामा तुइन सञ्चालन गरेको छ ।

हेलम्बु गाउँपालिकाको कार्यालयसहित वडा नम्बर १,२ र ३ जोड्ने पुल बाढीले बगाएको करिब तीन महिना भइसक्दा पनि पुल निर्माणका लागि स्थानीय तह तथा अन्य सरोकारवाला निकायले चासो नदिएपछि माओवादी केन्द्रको नेतृत्व तथा केन्द्रीय सदस्य युवराज दुलालको पहलमा माओवादी केन्द्रका नेता भरत थापा, पेमा ह्योल्मो, लिलाबहादुर जोशी, विश्वराम गुरुङलगायतको सक्रियतामा तुइन निर्माण गरिएको नेता समीर गिरीले जानकारी दिए । तुइनको माओवादी केन्द्रका जिल्ला सदस्य तथा हेलम्बु अध्यक्ष पेमा ह्योल्मोले आइतबार स्थानीयहरुको उपस्थितिमा उद्घाटन गरेका हुन् । उद्घाटनमा बोल्दै नेता ह्योल्मोले पुल बगाएको लामो समयसम्म पनि स्थानीय सरकार लगायत सरोकारवालाहरुले चासो कम देखाएकोले स्थानीय जनताको जनजीवन सहज बनाउन पार्टीको नेतृत्वमा तुइन निर्माण गरिएको बताए । खोला वारपार गर्न अन्य विकल्प नहुँदा साउन १७ यता स्थानीय जनता विभिन्न सास्ती खेप्न बाध्य थिए । अहिले 'तुइन सञ्चालन गरिएपछि स्थानीयवासी खुसी भएका छन् ।

## जिल्लास्तरीय खुल्ला पुरुष डबल ब्याडमिन्टन प्रतियोगिता हुँदै

'स्वास्थ्यका लागि खेलकुद, पर्यटनका लागि खेलकुद' भन्ने मूल नाराका साथ सिन्धुपाल्चोक जिल्ला स्तरीय खुल्ला पुरुष डबल ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ । जिल्लाको पाँचपोखरी थाङपाल गाउँपालिका ४ थाङपालकोटको आयोजनामा २०७८ को विजय दशमी तथा शुभ दिपावलीको शुभकामनासहित असोज २३ गते देखि २५ गतेसम्म रैथाने र वडा नं. ४ को कार्यालयको खेल मैदानमा प्रतियोगिता हुने भएको हो ।

प्रतियोगितामा प्रथम हुनेले पुरस्कार नगद रु.३० हजार सहित कप, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् भने दोश्रो र तेश्रो हुनेले क्रमशः नगद रु.२० हजार र १० हजारसहित कप, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

बेष्ट अफ थ्री नकआउटको आधारमा खेलाइने खेलमा ए र बी पोल छुट्याएर नेपाल ब्याडमिन्टन संघको नियम अनुसार खेलाइने वडाध्यक्ष रामबहादुर तामाङले बताए । प्रतियोगितामा सहभागि हुन इच्छुकहरुले असोज २० गते साँझ ५ बजेसम्म आवेदन दर्ता गरिसक्नुपर्ने छ भने आवेदन शुल्क रु.२५ सय लाग्ने छ । साथै प्रतियोगितामा सहभागि खेलाडीहरुको परिचय पत्र र सम्बन्धित कार्यलयको सिफारिस पत्रसहित पासपोर्ट साइजको १ प्रति फोटो अनिवार्य गरिएको पनि तामाङले जानकारी दिए । पाँचपोखरी थाङपाल गाउँपालिका खेलकुद विकास समिति र ब्याडमिन्टन संघसंगको सहकार्यमा खेलको विकास र ब्याडमिन्टन खेलाडी उत्पादनमा सहयोग पुऱ्याउने उदेश्यले प्रतियोगिता गर्न लागिएको खेलका संयोजक बाबुलाल तामाङले बताए ।

**भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापा बाट कमलादेवी दाहालको हकदारको नाममा जारी गरिएको जग्गा धनीको पतिको नाम संशोधन सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

जिल्ला रामेछाप मन्थली नगरपालिका-०६ बस्ने कमलादेवी दाहालले मेरो नाममा दर्ता कायम रहेको जिल्ला झापा धैलाडुब्बा-०९ को कि.नं. २३२८ जग्गाको श्रेस्ता/पुर्जामा पतिको नाम नारायण कार्की भएको हुँदा पतिको नाम संशोधन गरी नारायण कार्की कायम गरी पाउँ भनि भूमिसुधार तथा मालपोत कार्यालय, भद्रपुर झापामा निवेदन गरेको हुँदा उल्लेखित जग्गाहरुको श्रेस्ता तथा जग्गा धनी दर्ता प्रमाण पुर्जामा भएको जग्गा धनीको पतिको नाम धन बहादुर कार्कीलाई संशोधन गरी नारायण कार्की कायम गरिदिएको कोही कसैको हक हिस्सा र स्वामित्वमा असर पर्छ पर्दैन । यो सूचना प्रकाशित भएको ३५ दिन भित्र आ-आफ्ना प्रमाण सहित भूमिसुधार तथा मालपोत कार्यालय, भद्रपुर, झापामा उपस्थित भई उजुरी निवेदन गर्नु होला । म्याद भित्र कुनै निवेदन तथा उजुरी नपरे कानुन बमोजिम निवेदकको पतिको नाम संशोधन गरी नारायण कार्की कायम हुने व्होहोरा समेत यसै सूचनाबाट सरोकारवालाले सबैमा जानकारी गराइन्छ ।

इति सम्वत २०७८ साल आश्विन ०४ गते रोज ०२ शुभम् ।


## Romania मा रोजगार

कम्पनी: FOTO TAPET 3D AND PRINT SRL | शहर: Romania

पुर्व स्वीकृत मिति: २०७८/०२/२१ | चलानी नं.: ६०१५८५७१ | L.T. No.: 239726 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | USD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Parquet Installation Technician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 650 | ७६,४५३ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Marbal Fitting Man | 10 | 0 | | 650 | ७६,४५३ | | | | | | | |
| 3. | Tiles Installer | 10 | 0 | | 650 | ७६,४५३ | | | | | | | |
| 4. | Mason | 10 | 0 | | 650 | ७६,४५३ | | | | | | | |
| 5. | Welder | 10 | 0 | | 650 | ७६,४५३ | | | | | | | |
| 6. | Plumber | 10 | 0 | | 650 | ७६,४५३ | | | | | | | |
| 7. | Electrician (Gen.) | 10 | 0 | | 650 | ७६,४५३ | | | | | | | |
| 8. | Carpenter | 10 | 0 | | 650 | ७६,४५३ | | | | | | | |
| 9. | Painter | 10 | 0 | | 650 | ७६,४५३ | | | | | | | |
| 10. | General Workers | 30 | 5 | | 550 | ६४,६९१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ असोज १८ गते (04 October 2021) मा हुनेछ ।
यस कम्पनीको लागि Welder को उच्च प्राथमक्ता भएकोले तुरुन्त सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 1140/073/074
**Al Raas Recruitment Services Pvt. Ltd.**
Sukedhara-4, Kathmandu, Nepal, Tel : 01-4375437
Mobile: 9813533336 // 9844501493
Email : alraasreception7@gmail.com, hralraas7@gmail.com



## ओमानमा रोजगार

कम्पनी: S J ABED & AL SULAIMI CATERING GROUP LLC | शहर: MUSCAT

पूर्व स्वीकृत मिति: २०७८/०६/१० | चलानी नं.: ६०१६३७९६ | L.T. No.: 243854

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Cleaning Worker | 6 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ३६,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dish Washer | 7 | 0 | | 120 | ३६,७७० | | | | | | | |
| 3. | Vegetable Fruit Process Worker Male | 3 | 0 | | 120 | ३६,७७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ १८ असोज गते (4 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं. ५३६/०६१/०६२
**अचिभ इन्टरनेशनल प्रा.लि.**
जि.पि.ओ. बक्स: ८९७५, इ.पि.सी. ३२८, सानेपा रिङरोड, ललितपुर, नेपाल
फोन: ५१८४४०९, ५१८४४०२, ५१८४४०३ Mobile: 9801125363 9801125354
Email: info@hognepal.com | Web: www.hognepal.com



## साउदी र कतारमा रोजगारको अवसर

१. कम्पनी: SHIFT FACTORY FOR ALUMINUM | शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०७८/०६/१० | चलानी नं.: ६०१६३८०६ | LT. No.: 246480

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SBS ENGINEERING SERVICES | शहर: QATAR

पुर्व स्वीकृत मिति: २०७८/०६/१० | चलानी नं.: ६०१६३८१० | LT. No.: 246408

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 9 | 0 | स. काममा दक्ष | 1000 | ३२,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ असोज १८ गते (4 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ११३६/०७३/०७४
**DEEP JYOTI MANPOWER SERVICE PVT. LTD**
Sinamangal-9, Kathmandu, Tel: 01-4492910, 9844323964, 9808046424
Email: deepjyotimanpower1136@gmail.com, info@deepjyotimanpower.com.np, Web.: www.deepjyotimanpower.com.np



## साउदीमा रोजगारको अवसर

१. कम्पनी : ROWAD AL MOHIT FACTORY | शहर: JEDDAH

पूर्व स्वीकृत मिति: २०७८/०६/१० | चलानी नं.: ६०१६३८१२ | LT. No.: 246201

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Wood Furniture Aast. Painter | 5 | 0 | स. काममा दक्ष | 1200 | ३७,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Jadt Alghethaa food Service Restaurant | शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०६/१० | चलानी नं.: ६०१६३८१३ | LT. No.: 246513

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 40 | 0 | स. काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ असोज १८ गते (4 oct 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि.** श्रम इजाजत नं. १५६/०५६/०५७
टोखा-१०, सामाखुसी चोक, काठमाडौं । फोन: ४९५८७८६, ४९८५३७३ । Mob.: 9851141964, 9841731502



## Cyprus मा रोजगार

कम्पनी : C. & C. PRIVATE EMPLOYMENT AGENCY, CYPRUS

पुर्व स्वीकृत मिति: २०७७/१२/०३ | चलानी नं.: ६०१५५६६८ | L.T. No.: 237388 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers | 0 | 14 | सम्बन्धित काममा दक्ष | 315 | ४३,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook Chef A | 3 | 0 | | 850 | ११७,३१७ | | | | | | | |
| 3. | Cook Chef B | 3 | 0 | | 775 | १०६,९६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १८ गते (4 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ११७२/०७३/०७४
**APPS SERVICES PVT. LTD.**
Balkumari-8, Lalitpur, Nepal, Phone : 5186018



## कतारमा रोजगार

१. कम्पनी: AL MOSTASHAR TRANSPORT & SERVICES | शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०६/०८ | चलानी नं.: ६०१६३७७७ | LT. No.: 246043

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 6 | 0 | स. काममा दक्ष | 1500 | ४८,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: BLOSSOM CLEANING AND SERVICES | शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०६/०८ | चलानी नं.: ६०१६३७७८ | LT. No.: 246046

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Cleaner | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा असोज १८ गते (4 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं. १२३५/०७४/७५
**AASHIN OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Tel.: +977-1-4469912, 4469913



## QATAR मा रोजगारको अवसर

कम्पनी: RIEMAN JEWELLERY | शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७८/०६/०८ | चलानी नं.: ६०१६३७९१ | L.T. No.: 246394

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५४,४१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salesman | 1 | 0 | | 1500 | ४८,०१५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १८ गते (4 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt. Lic. No. 1343/074/075
**AL JAZEERA OVERSEAS PVT. LTD.**
Samakhusi, Kathmandu, Nepal, Tel: 4352379, 4390605, Fax: 4352379
E-mail: info@aljazeeraoverseas.com, Web.: www.alzeeraoverseas.com.np



## कतारमा रोजगार

कम्पनी : ASAS EXECUTION TRADING AND CONTRACTING | शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७८/०६/१० | चलानी नं.: ६०१६३८१५ | LT. No.:246530

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 3 | 0 | | 1200 | ३८,४१२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १८ गते (4 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
